# गोर्खाज फाइनान्स लिमिटेड

## चारखाल रोड, डिल्लीबजार

## काठमाण्डौं, नेपाल ।

पच्चीसौं वार्षिक साधारण सभाको

**निर्णय (माइन्यूट)**

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

# गोर्खाज फाइनान्स लिमिटेडको

## पच्चीसौं वार्षिक साधारण सभाको

## निर्णय (माइन्यूट)

**१. बैधानिक सभा:**

गोर्खाज फाईनान्स लिमिटेडको संचालक समितिको मिति २०७७ आश्विन ७ गते बुधबार वसेको ४०४औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा यस संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम बोलाईएको पच्चीसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री यादव चन्द्र राईको भर्चुअल उपस्थिति र संचालक श्री राज गोविन्द राजकर्णिकारको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी निर्णय गरियो ।

**२. सभाको मिति, स्थान र समय:**

मिति: २०७७ कार्तिक ५ गते बुधबार (तदनुसार अक्टुवर २१, २०२०)

स्थान: होटेल क्राउन इम्पेरियल, सोल्टीमोड, काठमाण्डौ ।

समय: विहान ११ बजे । (साधारण सभा विहान ११ प्रारम्भ भई मध्यान्ह १:३० बजे सम्पन्न भयो ।)

**३. सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ उपदफा (२) को प्रावधान अनुसार पच्चीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा सूचना पठाउनुका साथै सोही व्यहोराको सार्वजनिक सूचना मिति २०७७/०६/०९ गते " **आर्थिक अभियान राष्ट्रिय दैनिक**" मा प्रथम पटक र मिति २०७७/०६/१६ गते " **आर्थिक राष्ट्रिय दैनिक** " पत्रिकामा दोश्रो पटक प्रकाशित गरिएको ।

**४. वार्षिक साधारण सभाको छलफलको विषयसूची:**

क) <u>सामान्य प्रस्ताव</u>

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

प्रतिनिधिहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | कम्पनी रजिष्ट्रारको कार्यालय | : श्री हरि प्रसाद अधिकारी |
| १. | शेयर रजिष्ट्रार, NIBL ACE क्यापिटल लि. | : श्री रेनुका गुरुङ्ग । |
| | | : श्री कविता तिमल्सीना । |
| २. | बाह्य लेखापरीक्षक प्रतिनिधि | : श्री दुर्गा प्रसाद ज्ञवाली, एफसिए एनविएसएम एण्ड एशोसियट्स, चार्टर्ड एकाउन्टेण्ट्स । |

पदाधिकारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री लाल बहादुर थिङ | : प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री सन्तोष कुमार घिमिरे | : नायब महाप्रबन्धक |
| २. | श्री मुकुन्द श्रेष्ठ | : सहायक महाप्रबन्धक/कम्पनी सचिव |
| ३. | श्री ज्ञानेन्द्र इवाहाङ | : वरिष्ठ प्रबन्धक |
| ४. | श्री सुजन जोशी | : सहायक प्रबन्धक |

शेयरधनी तथा कर्मचारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | शेयरधनीहरु स्वयं उपस्थिति | २५ |
| २. | प्रोक्सी प्रतिनिधिहरु उपस्थिति | ५ |
| ३ | कर्मचारीहरुको उपस्थिति | १२ |
| ४. | भर्चुअलमा उपस्थित शेयरधनीहरु | ३५ |

## ८. सभाको सभापतित्व र सभा संचालन:

क) यस वित्तीय संस्थाको पच्चीसौं वार्षिक साधारण सभाको संचालन संचालक समितिका अध्यक्ष श्री यादव चन्द्र राई ज्यूको भर्चुअल उपस्थितिमा संचालक श्री राजगोविन्द राज कर्णिकारको

सभापतित्वमा संचालकहरु, शेयरधनिहरु तथा आमन्त्रित प्रतिनिधिहरुको उपस्थितिमा सभा संचालन भयो ।

ख) पच्चीसौं वार्षिक साधारण सभामा संचालक समितिका अध्यक्षले भर्चुअलबाट उपस्थित सबै शेयरधनि महानुभावहरुको स्वागत गर्दै आफ्नो मन्तव्य राख्नुभयो ।

ग) पच्चीसौं वार्षिक साधारण सभामा संचालक समितिका तर्फबाट संचालक श्री खड्ग बहादुर गुरुङ्गले भर्चुअल तथा भौतिक रुपमा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी, प्रतिनिधी, पत्रकार तथा अतिथि महानुभावहरुलाई स्वागत गर्दै स्वागत मन्तव्य दिनुभयो ।

घ) सभाका सभापतिले संस्थाको पच्चीसौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट आ.व.२०७५/७६ को वार्षिक प्रतिवेदन वाचन गर्नुभयो र उक्त प्रस्ताव छलफल सहित पारित गरिदिन सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## ९. छलफलका लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु:

क) सभापतिले सामान्य प्रस्ताव अन्तर्गत रहेको संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण सहितको प्रतिवेदन, आ.व. २०७६/७७ को लागि लेखापरीक्षक नियुक्ति, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १४(२) ख बमोजिम नियुक्त गरिएका संचालकहरुको सम्बन्धमा र विषेश प्रस्ताव अन्तर्गत रहेको यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने तथा रणनीतिक साझेदारीमा जाने सम्बन्धमा छलफल गर्न उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

ख) उपरोक्त प्रतिवेदन उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो विचार, मन्तव्य, सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नुभयो ।

१. श्री रोज कुमार श्रेष्ठ
२. श्री महेन्द्र बहादुर श्रेष्ठ
३. श्री शिव प्रसाद पौडेल
४. श्री यादप राई
५. श्री प्रेम बहादुर खापुङ
६. श्री पुरञ्जन राई
७. श्री प्रेम बहादुर बेघा

**१०. छलफलमा सहभागी शेयरधनिहरुबाट वित्तीय संस्थाको प्रगति तथा सफलताको कामनाका साथ व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरणहरु:**

- यस आर्थिक वर्षमा साधारण सभा विभिन्न कारणले ढिलो भएता पनि आगामी आर्थिक वर्षहरुमा समयमा नै साधारण सभा सम्पन्न गर्न सुझाव दिनुभयो ।
- नेपाल राष्ट्र बैंकले दिएको संस्थागत सुशासनको निर्देशनलाई अक्षरश पालन गर्न सुझाव दिनुभयो ।
- केहि शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन समयमा प्राप्त नभएको गुनासो राख्नुभयो ।
- आउदो आर्थिक वर्षमा लगानीकर्ताहरुलाई लाभांश दिन विषेश प्रयास गर्नु पर्ने सुझाव दिनुभयो ।
- निस्कृय कर्जाको अनुपात बढेकोले सो घटाउन विषेश ध्यान दिनुपर्ने । सञ्चिति नोक्सानी घटाई नाफा बढाएर आगामि वर्ष शेयरधनीहरुलाई लाभाशं दिने सक्ने गरी कार्य गर्नुपर्ने सुझाव दिनुभयो ।
- संस्थाको भविष्य राम्रो रहेको भन्दै सबै कर्मचारीहरुले नीति नियम तथा अनुशासनको पालना गर्दै चेन अफ कमाण्डमा कार्य गर्न सुझाव दिनुभयो ।
- समिक्षा वर्षमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को कारणले निस्कृय कर्जा बढ्न गई व्याज आय बढ्न नसकेको र खराब कर्जाको अनुपात बढ्न गएता पनि प्रतिवेदन अवधिसम्म गरेको प्रगतिको प्रसंशा गर्नुभयो ।
- संचालक समितिले विषेश प्रस्ताव अन्तर्गत यो वर्ष यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा रणनीतिक साझेदारीमा (Srategic partner) जान उपयुक्त देखिएमा सो को अख्तियारी संचालक समितिलाई दिने विषयमा अधिकाश शेयरधनीहरुले यस विषयमा असहमती प्रकट गर्नुभयो । संस्थाले नेपाल राष्ट्र बैकले तोकिदिएको न्यूनतम चुक्ता पूंजी दुई वर्ष अघि नै पुचाइसकेको, विश्वमा हाल महामारीको रुपमा फैलिएको कोभिड १९ को कारण अधिकाश लगानीकर्ताहरुको अनुपस्थिति रहि विस्तृत छलफल हुन नसकी सबैको भावना समेट्न नसकिएको, संस्थासंग हालसम्म कुनै पनि वित्तीय संस्था गाभ्ने/गाभिने प्रस्ताव नआएको, आ.व.२०७६/७७ को साधारणसभा गर्नुपर्ने समय नजिकिएको, संचालक समितिका अधिकाशं संचालकहरुको कार्यकालको समयावधि कम रहेको जस्ता कारण देखाउदै उक्त प्रस्तावको हाल औचित्य नभएको भन्दै असहमती जनाएकोले हाललाई उक्त प्रस्ताव पारित नगरियोस भन्ने सुझाव दिनुभयो ।

**११. सभाका सभापति श्री राजगोविन्द राज कर्णिकार ज्युले सभामा उठेका प्रश्न तथा जिज्ञासाको प्रस्तुत गर्नुभएको जवाफहरु:**

- यस आर्थिक वर्ष विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को कारण समयमा नै वार्षिक साधारण सभा गर्न नसकेकोमा सभा समक्ष क्षमा माग्दै आगामी वर्ष समयमा नै साधारण सभा गर्ने ।
- नेपाल राष्ट्र बैंकले दिएको संस्थागत सुशासनको निर्देशनलाई अक्षरश पालना गर्ने गरेको तथा भविष्यमा यस सम्बन्धी प्राप्त हुने थप निर्देशनहरुको पनि पूर्ण पालना गर्ने ।
- यस आर्थिक वर्ष विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को कारण सरकारले लागु गरेको लकडाउनले वार्षिक प्रतिवेदन समयमा नै छाप्न नसकी शेयरधनी महानुभावहरुको ठेगानामा समयमा नै पठाउन नसकिएको हो आगामी वर्षबाट समयमा नै प्रतिवेदन पठाउन प्रयत्नशील रहने आश्वासन दिनुभयो ।
- संस्थाले राम्रो आम्दानी गर्दा गर्दै पनि विगत वर्षहरुको धेरै ठुलो संचिति नोक्सानीले गर्दा लामो समय देखि लाभाश दिन नसकिएको हो र आगामी वर्ष देखि लाभाशं वितरण गर्ने रणनीतिका साथ अघि बढ्दै रहेको जानकारी दिनुभयो ।
- निस्कृय कर्जाको अनुपात घटाई परिणाममुखि कार्य गर्न व्यवस्थापनलाई निर्देशन दिई सकेको छ ।
- कर्मचारीहरुलाई संस्थागत सुशासन सम्बन्धी समय समयमा तालिमको व्यवस्था गर्दै ग्राहक वर्गहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने कुराको जानकारी गराउनुभयो ।
- संस्थाले आ.व. २०७५/७६ मा निस्कृय कर्जा र निक्षेप लागतलाई घटाएर व्यवसाय बृद्धि गरी सञ्चित नोक्सानीलाई घटाउने र शेयरधनीहरुलाई निश्चित लाभांश वितरण गर्ने योजना रहेको जानकारी गराउनुभयो ।
- संचालक समितिले विषेश प्रस्ताव अन्तर्गत प्रस्ताव गरेको यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा रणनीतिक साझेदारीमा (Srategic partner) जान उपयुक्त देखिएमा सो को लागि अख्तियारी संचालक समितिलाई दिने विषयमा अधिकाँश शेयरधनीहरुको यसमा सहमती देखिन नआएकोले उहांहरुको सल्लाह र सुझावलाई कदर गर्दै हाललाई उक्त प्रस्ताव स्थगन गरि भविष्यमा यस सम्बन्धी वृहत छलफल गरि अगाडि बढ्ने जानकारी दिनुभयो ।

१२. सभाका सभापति श्री राज गोविन्द राजकर्णिकार ज्युको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री लाल बहादुर थिङले आ.व. २०७५/७६ को वित्तीय विवरणसंग सम्बन्धीत सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको थप जवाफ दिनुभयो ।

१३. **सभाको निर्णय:**

शेयरधनीहरुबाट उठाइएका मुलभुत विषयहरुको बुंदागत रुपमा जवाफ दिए पश्चात सभापतिले पच्चीसौं वार्षिक साधारण सभाको लागि प्रस्तावित देहाय बमोजिमका निर्णयहरु पारित गरियोस् भनि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाबाट सर्वसम्मतीले पारीत गरियो ।

क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट सभापतिज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०७५/७६ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न सभामा प्रस्ताव पेश हुंदा सर्वसम्मतिबाट प्रस्ताव पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात तथा २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्न सभामा प्रस्ताव पेश हुंदा प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. आ.व.२०७६/७७ को हरहिसावको लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक सि.ए. श्री नील बहादुर सारु मगर, एनविएसएम एण्ड एशोसियट्सलाई गत वर्षकै पारिश्रमिक बराबर मुल्यअभिवृद्धि कर बाहेक रु.३००,०००/- (रु.तीन लाख मात्र) दिने गरी नियुक्ती गरियोस् भनि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. यस संस्थाको संचालक समितिमा रिक्त हुन गएको समुह "क" अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद १ मा संस्थापक श्री डेकिन्द्र कुमार राईलाई र समुह "ख" अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने महिला संचालक १ मा शेयरधनी श्री भुवन रेग्मीलाई संचालक समितिको बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४,दफा १४(२) 'ख' बमोजिम नियुक्ती गरी साधारणसभामा सिफारिस गरी पठाए बमोजिम निजहरुलाई संचालक समितिले नियुक्त गरेको मिति देखि नै लागु हुने गरी कम्पनी ऐन, २०६३ को दफा ९० को उपदफा २(३) बमोजिम बाकी अवधिसम्मको लागि नियुक्त गरिएको प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरियो ।

५. संस्थाको संचालक समितिको मिति २०७७/०१/२१ गते बसेको ३९८औं बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १७ बमोजिमको योग्यता भएका श्री प्रद्युम्न कुमार भट्टराईलाई स्वतन्त्र सञ्चालकमा नियुक्ती गरेको र दफा १४ को उपदफा ३ बमोजिम उक्त नियुक्ती पश्चात बस्ने पहिलो साधारणसभामा सो को जानकारी गराउनु पर्ने कानुनी व्यवस्था भए बमोजिम सभापतिले साधारण सभामा सो नियुक्तीको जानकारी गराउनु भयो ।

ख) विषेश प्रस्ताव

१. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा सोही बमोजिम हेरफेर गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

२. यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा रणनीतिक साझेदारीमा ( Srategic partner) जान उपयुक्त देखिएमा यस वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याकंन (Due Diligence Audit) गर्न राष्ट्रिय वा अर्न्तराष्ट्रिय मान्यता प्राप्त मूल्याकंनकर्ता नियुक्ती गर्न तथा निजको पारिश्रमिक तोक्न, गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्न र सो प्रकृया पूरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्यको लागि संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा छलफल हुंदा यस विषयमा कोभिड १९ को महामारीले गर्दा विस्तृत छलफल हुन नसकेको र आ.व. २०७६/७७ को वार्षिक साधारण गर्नुपर्ने समय भई सकेको, संचालकहरुको पदावधि सकिन लागेको अवस्थाले गर्दा अधिकाँश शेयरधनीहरुको यस विषयमा सहमति देखिन नआएकोले उहांहरुको सल्लाह र सुझावलाई कदर गर्दै हाललाई उक्त प्रस्ताव स्थगन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग) <u>विविध ।</u>

विविध उपर छलफलका अन्य कुनै विषय नभएको जानकारी गराउनुभयो ।

**१४. धन्यवाद ज्ञापन:**

आजको सभामा छलफल गर्ने विषयहरु समाप्त भई पूर्वनिर्धारित विषय सूची बमोजिम विषेश प्रस्तावको (ख)२ बाहेक सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुदै सम्पूर्ण शेयरधनि महानूभावहरु, संचालक समिति, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज, सिडियस एण्ड क्लेयरिङ्ग लि.,शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लि, आन्तरिक तथा बाह्य लेखापरीक्षक, होटेल क्राउन इम्पेरियल व्यवस्थापन समिति, सुरक्षा निकाय, पर्यवेक्षक प्रतिनिधिहरु लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१५. सभा विसर्जन:**

सभाका सभापतिबाट सभामा उपस्थित सबै शेयरधनि महानुभावहरुलाई उहांहरुको सहभागिता, निर्देशन तथा अमूल्य सुझावको लागि आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरी संस्थाको पच्चीसौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ........................ | ........................ |
| **मुकुन्द श्रेष्ठ** | **राज गोविन्द राजकर्णिकार** |
| वरिष्ठ प्रबन्धक / कम्पनी सचिव | सभापति |
| | संचालक |

मिति:२०७७/०७/०५ बुधबार ।